सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राजपुर, डोटी

इमेल: phdnseven@gmail.com
फोन नं ०९४-४४०१२०,०९४-४४००६२

स्वास्थ्य निर्देशनालय राजपुर डोटीको सेवा करार सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३।०७।१६

यस निर्देशनालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सुरक्षित आप्रवासन (SaMI) कार्यक्रम लागू भएका स्थानीय तहहरूमा कार्यरत मनोसामाजिक परामर्शकर्ताहरूको क्षमता विकास, प्राविधिक सहयोग तथा सहजीकरण गर्ने कार्यका साथै अस्पतालको न्यूनतम सेवा मापदण्ड कार्यक्रम सञ्चालनका लागि तपसिलबमोजिमका जनशक्ति आवश्यक भएकाले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आहान गरिन्छ।

इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र यस निर्देशनालयमा आइपुग्ने गरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशले निर्धारण गरेको दरखास्त फारामको ढाँचामा, तपसिलमा उल्लेख भएबमोजिमको राजस्व टिकेको सक्कल भौचरसहित दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क्र.स.	विज्ञापन न.	पद	तह	माग संख्या	दरखास्त दस्तुर	कार्यक्षेत्र
१	०१।२०८३।०८४	मनोसामाजिक परामर्श अधिकृत	सातौं	२ (दुई)	१०००/-	स्वास्थ्य निर्देशनालयमा रही सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागु भएका स्थानीय तहहरु
२	०२।२०८३।०८४	एम एस एस अधिकृत (सातौं)	सातौं	१ (एक)	१०००/-	स्वास्थ्य निर्देशनालय रही प्रदेश भित्रका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्था

१. न्यूनतम शैक्षिक योग्यता :

क) मनोसामाजिक परामर्श अधिकृत (SaMI कार्यक्रम)

अ) न्युनतम शैक्षिक योग्यता : मान्यता प्राप्त विश्वविद्यालयबाट परामर्श मनोविज्ञान (साइकोलोजी/काउन्सेलिंग साइकोलोजी /क्लिनिकल साइकोलोजी) विषयमा स्नातक तह उत्तीर्ण गरेको; वा मान्यता प्राप्त विश्वविद्यालयबाट Post Graduate Diploma (PGD) in Counselling उत्तीर्ण गरेको; वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तीर्ण गरि स्वास्थ्य सम्बन्धि परिषदमा दर्ता भई मान्यता प्राप्त संस्थाबाट ६ महिने मनोसामाजिक परामर्श तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राजपुर, डोटी

इमेल: phdnseven@gmail.com
फोन नं ०९४-४४०२०,०९४-४४००६२

आ) प्राथमिकताका आधारहरु :

- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको उम्मेदवारलाई प्राथमिकता दिईने छ।
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोडयुल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेको उम्मेदवारलाई प्राथमिकता दिईने छ ।
- प्रदेश तथा स्थानीय सरकार संग निकटतम समन्वयमा रही कामको अनुभव प्राप्त गरेको उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

इ) भाषा र अन्य :

- कम्प्युटर सम्बन्धि ज्ञानका साथै MS Office (Word, Excel, PowerPoint), Outlook, Email, Internet, Kobo Tool सहज रुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै माध्यममा टाईप् गर्न सक्ने क्षमता भएको।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

ई) एम एस एस अधिकृत : हे अ वा स्टाफ नर्स उत्तीर्ण गरि स्वास्थ्य विज्ञान विषयमा स्नातक उत्तीर्ण गरेको वा नर्सिंग विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषदमा दर्ता भएको ।

२. उमेर : २१ वर्ष पुरा भै ४५ वर्ष नननाघेको

३.दरखास्तसंग संलग्न गर्नु पर्ने कागजातहरु : सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको दरखास्त फारमको ढाँचामा सम्पूर्ण विवरण भरि हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो सहित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, राजश्व तिरेको भौचर सहित रेकर्ड फाइल थान १ सहित पेश गर्नु पर्ने छ। अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति, करार सम्झौता, कामको विवरण, काम गरेको अवधि र अन्य आवश्यक प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. सेवाको किसिम : कार्यक्रम करार आ.व. २०८३ / २०८४ (असाढ मसान्त सम्मको लागि)

५. छनौटको आधार र प्रकिया : लिखित र मौखिक परीक्षा

६. दरखास्त बुझाउने स्थान : स्वास्थ्य निर्देशनालय, राजपुर, डोटी

७.दरखास्त दिने अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुने गरि दरखास्त पेश गर्नु पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस पछी कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राजपुर, डोटी

इमेल: phdnseven@gmail.com
फोन नं ०९४-४४०१२०,०९४-४४००६२

राजश्व दाखिला गर्नु पर्ने विवरण

८. कार्यालय कोड : स्वास्थ्य निर्देशनालय डोटी ३५००२७१०१७

९. निवेदन दस्तुर : राजश्व शिर्षक नं. १४२२९ मा राष्ट्रिय वाणिज्य बैंकमा तोकिए बमोजिम रकम जम्मा गरेको भौचर ।

१०.तलब भत्ता तथा अन्य सुविधा : तोकिए बमोजिम ।

११.परीक्षा सम्बन्धि सुचना : स्वास्थ्य निर्देशनालय को वेवसाइट https://hd.sudurpashchim.gov.np मा प्रकाशित गरिने छ वा सम्पर्क मितिको दिनमा जानकारी गराइनेछ ।

१२.रितपुर्वक पेश हुन नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

१३ सम्पर्क मिति : दरखास्त पेश गर्ने अन्तिम दिनको भोलि पल्ट बिहान ११:०० बजे ।

१४.विस्तृत जानकारीको लागि : मोबाइल नं. ९८५८४९१९९५ (उत्तम राज उपाध्याय) वा ९८४८७२०९९८ (हेमराज जोशी) मा सम्पर्क गर्न सकिने छ ।

पदपूर्ति समितिको सचिवालय
स्वास्थ्य निर्देशनालय, राजपुर, डोटी